# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०३/२७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु धनञ्जय आचार्य, मोती प्रसाद बुढा, अभिषेक शाही, अपार गुरुङ र विश्वनाथ शाही मु.नं (०८०-CR-०१५६) फैसला मिति २०८१।०३।३० | खेलमैदान निर्माणको कार्यमा भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• **सामाजिक विकास कार्यालय, डोल्पाका तत्कालीन कार्यालय प्रमुख धनञ्जय आचार्यको हकमाः** निज प्रतिवादीले बद्नियतपूर्वक गैरकानुनी हानि र उपभोक्ता समितिलाई गैरकानुनी लाभ पुऱ्याएको हुँदा निजउपर रु. ९,९३,९४०।८० (अक्षरेपि नौ लाख त्रियानब्बे हजार नौ सय चालीस रुपैयाँ असी पैसा मात्र) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बीगो समेत असुल उपर हुन मागदाबी लिइएको छ ।<br>• **सामाजिक विकास कार्यालय, डोल्पाका सव-इन्जिनियर मोती प्रसाद बुढाको हकमाः** निज प्रतिवादीलाई रु. ९,९३,९४०।८० (अक्षरेपि नौ लाख त्रियानब्बे हजार नौ सय चालीस रुपैया असी पैसा मात्र) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो समेत असुल उपर हुन साथै निज प्रतिवादीले बद्नियतपूर्वक कार्यस्थलमा नगरेको नभएको कामलाई भए गरेको देखाई गलत नापी किताब, कार्य सम्पन्न प्रतिवेदन र भुक्तानी बिल तयार गर्दा उपभोक्ता समितिलाई रु. ९,९३,९४०।८० (अक्षरेपि नौ लाख त्रियानब्बे हजार नौ सय चालीस रुपैया असी पैसा मात्र) बढी भुक्तानी भएको देखिएकोले निजउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना समेत हुन मागदावी लिईएको छ।<br>• **डिपिआर सम्पन्न भएका जिल्ला स्थित कभर्डहल तथा खेलमैदान निर्माण उपभोक्ता समिति, दुनै, डोल्पाका अध्यक्ष अभिषेक शाही, सचिव अपार गुरुङ र कोषाध्यक्ष विश्वनाथ शाहीको हकमाः**<br>निज प्रतिवादीहरुले आफूलाई गैरकानुनी लाभ पुऱ्याउने बद्नियतले गलत नापी किताब, कार्य सम्पन्न प्रतिवेदन र | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• २०७७ सालमा निर्माण भएको खेलकुद चौरको स्थलगत नापजाँच २०८० सालको वैशाखतिर तीन वर्षपछि मात्र भएको देखिएको ।<br>• प्रत्येक वर्ष पर्ने वर्षाको पानीले खेलमैदानमा क्षति पुग्ने तथा खनिएको माटोसमेत बगाएर लग्ने सक्ने अवस्था देखिएको। | • प्रस्तुत मुद्दामा प्रतिवादीहरु धनञ्जय आचार्य, मोती प्रसाद बुढा, अभिषेक शाही, अपार गुरुङ र विश्वनाथ शाहीलाई आरोपदावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा देहायका जिकिर लिई पुनरावेदन गरिएको बेहोरा अनुरोध छः<br>• आर्थिक वर्ष २०७६/७७ मा सामाजिक विकास कार्यालय, डोल्पाबाट विनियोजित रु. २०,००,०००।— (अक्षरेपि बीस लाख मात्र) रकमबाट जिल्ला डोल्पा ठुलीभेरी न.पा. ३ स्थित दुनै सदरमुकाममा कभर्डहल तथा खेलमैदान निर्माण उपभोक्ता समितिमार्फत् निर्माण गर्ने सम्झौता बमोजिम अन्तिम कार्य सम्पन्न भएको भनी रु.१९,५५,७५३ (बहाल कर रु.४४,२४७।- बाहेक) भुक्तानी दिए लिएको तथ्यमा विवाद छैन । उक्त निर्माण कार्यको अनियमितताका सम्बन्धमा अनुसन्धानका क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेतका इन्जिनियर मनिष अधिकारीले मिति २०८०/०३/०५ मा पेश गरेको प्राविधिक प्रतिवेदनमा खेलकुद मैदान निर्माण योजनाको स्थलगत नापजाँच गर्दा जम्मा १४,०२२.६८ घन मि. कटिङ्गको कार्य भएको देखिन्छ । सामाजिक विकास कार्यालय, डोल्पामार्फत तयार गरिएको योजनाको सुरु नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन हेर्दा २५,६४५ घन मि. कटिङ्ग (Earthwork excavation in BMS using excavators for ground all completed) को कार्य भएको भन्ने उल्लेख भएको देखिन्छ । सो बापत उक्त योजनाको नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख गरेको भन्दा जम्मा ११,६२२.३२ घन मि. कटिङ्गको काम अर्थात रु. ९,९३,९४०।८० (अक्षरेपि नौ लाख त्रियानब्बे हजार नौ सय चालिस रुपैया असी पैसा मात्र) बराबरको काम फिल्डमा कम भएको देखियो भन्ने तथ्य स्थलगत प्राविधिक प्रतिवेदन पेश गर्ने इन्जिनियर मनिष अधिकारीले गरेको बकपत्र समेतबाट पुष्टि भएकाले यी प्रतिवादीहरुको आपसी मिलेमतोमा गलत नापी किताब, कार्य सम्पन्न प्रतिवेदन र झुठ्ठा बिल तयार गरी गराई फिल्डमा हुँदै नभएको कामको समेत भुक्तानी लिए दिएको पुष्टि हुँदाहुँदै निज प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।<br>• उक्त कभर्डहल तथा खेलमैदान निर्माण उपभोक्ता समितिमार्फत् निर्माण गरिएकोमा उक्त खेलकुद मैदानको निर्माण कार्य उद्देश्य अनुरुप भए नभएको हेर्नुपर्ने मुख्य जिम्मेवारी वहन नगरी सामाजिक विकास कार्यालय, डोल्पाका प्रमुख धनञ्जय आचार्यले अन्तिम भुक्तानी गर्नुपूर्व निर्माण कार्यको अनुगमन नै नगरी निर्माण स्थलमा भएको वास्तविक काम भन्दा बढी गरेको देखाइएको गलत नापी किताब, कार्य सम्पन्न प्रतिवेदन स्वीकृत गरी सोही बमोजिम बनेको झुठ्ठा बिल भरपाईको आधारमा फिल्डमा हुँदै नभएको कामको समेत भुक्तानी, खेलकुद मैदानको निर्माण कार्यमा सव इन्जिनियर मोती प्रसाद बुढाले निर्माण स्थलमा गरिएको वास्तविक काम भन्दा बढी गरेको देखाई गलत नापी किताब र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको र उक्त कार्यमा उपभोक्ता समितिका व्यक्तिहरुको समेत संलग्नता रहेको अवस्थालाई अनदेखा गरी प्रतिवादीहरुले बदनियतपूर्वक गरेको कसुरबाट सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।<br>• प्रतिवादीहरुले २०७७।०३।२१ मा गरेको कार्यसम्पन्न प्रतिवेदनमा २५,६४५घनमिटर कटिङ गरेको भनी प्रतिवेदन पशे गरी भुक्तानी गरेको देखिन्छ । उक्त स्थलमा दुनै बचाउ तटबन्ध कार्यक्रम जस्ता विभिन्न योजना संचालन भएको भनी बयानमा खुलाएको देखिन्छ । यसरी प्रतिवादीले उल्लेख गरे अनुसारको २५,६४५ को Earthwork काम गरेको भए बिचमा अन्य संचालित कार्यक्रमहरुबाट समेत उक्त खेलकुद मैदान अझ दुरुस्त अवस्थामा देखिनुपर्नेमा ३ वर्षको बिच पानी परे पनि सो Earthwork को मात्रा २५,६४५ बाट झरेर १४,०३३.६८ मा आउनुपर्ने अवस्था नै नहुने स्थिति हरेकोले प्रतिवादीहरुले सुरु नापजाँच प्रतिवेदन नै गलत उल्लेख गरी नभएको कामलाई बढी काम गरेको देखाई भुक्तानी दिई नोक्सानी गरेको तथ्य त्रुटिपूर्ण रहेको अवस्थामा उक्त प्रमाणको मूल्याङ्कन नगरी भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | झुट्टा बिल तयार गरी गराई फिल्डमा हुँदै नभएको कामको समेत भुक्तानी लिई रु. ९,९३,९४०।८० (अक्षरेपि नौ लाख त्रियानब्बे हजार नौ सय चालीस रुपैया असी पैसा मात्र) सरकारलाई गैरकानुनी हानि नोक्सानी पुऱ्याएको हुँदा निजहरु उपर रु. ९,९३,९४०।८० (अक्षरेपि नौ लाख त्रियानब्बे हजार नौ सय चालीस रुपैया असी पैसा मात्र) बीगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो समेत जफत हुन अभियोग मागदावी लिइएको छ ।<br>**अदालतको फैसला**<br>प्रतिवादीहरुले आरोप दावीबाट सफाई पाउने ठहर भई फैसला भएको पाइन्छ। | | फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।<br>• अतः उल्लिखित आधार तथा कारण समेतबाट प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा निज प्रतिवादीहरु धनञ्जय आचार्य, मोती प्रसाद बुढा, अभिषेक शाही, अपार गुरुङ र विश्वनाथ शाहीलाई आरोप मागदाबी बमोजिम सजाय हुन समेतको जिकिर लिई पुनरावेदनपत्र पेश गरिएको बेहोरा अनुरोध छ । |